# पूर्व बाल्यावस्था शिक्षण सिकाइमा कक्षाकोठाको वातावरण व्यवस्थापन

**रेणु श्रेष्ठ**
सह प्राध्यापक, सानोठिमी क्याम्पस

## लेखसार

**कुनै पनि कार्यलाई प्रभावकारी एवम् गुणात्मक रूपमा सञ्चालन गर्न त्यससँग सम्बन्धित विविध पक्षहरू लगायत त्यसको वरिपरिको वातावरणले अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । पूर्व बाल्यावस्था शिक्षा बाल बालिकाहरूको शुभारम्भ चरण भएकाले तथा घरको परिधिबाट बाहिर गएर जान्ने, बुझ्ने र सिक्ने स्थल भएकाले कक्षा कोठाको वातावरणको व्यवस्थापन बाल हितकारी तथा बाल मनोवैज्ञानिक तवरले लक्षित र उपयोगी हुनु नितान्त आवश्यक छ । यसै विषय वस्तुलाई केन्द्रबिन्दु बनाई यस लेखमा कक्षाकोठाको वातावरण व्यवस्थापनबारे चर्चा र विवेचनाका साथै यसको सम्पादनमा देखिएका चुनौती र समस्याहरूलाई केलाउने प्रयास गरिएको छ ।**

## पृष्ठभूमि

कक्षा कोठाको वातावरण व्यवस्थापन शिक्षण तथा सिकाइका लागि पूर्व सर्त हो । शिक्षक र बाल बालिकाहरू एउटै कक्षाकोठामा शिक्षण तथा तत्सम्बन्धी विविध क्रियाकलापहरूमा सामेल भई रहने हुनाले अनुकूलको वातावरण बनाउनु नितान्त आवश्यक छ । कक्षाकोठा यसै कारणले आकर्षक रूपले सजाइएको, सुविधायुक्त, आरामदायी, स्वच्छ हावाको आवतजावत हुने तथा सञ्चालन गरिने समस्त क्रियाकलापहरूका लागि आवश्यक पर्ने सरसामग्रीहरू व्यवस्थित तवरले राखिएको हुनुपर्छ ।

पूर्व बाल्यावस्थामा ३ वर्षदेखि ५ वर्ष उमेरका बाल बालिकाहरू पर्दछन् । नेपालको बालशिक्षा शिक्षणको इतिहाँसलाई फर्केर हेर्ने हो भने पूर्व बाल्यावस्था विकास (ECD) शिक्षा बाल मन्दिरको स्थापनासँगै वि.सं. २०२२ सालदेखि नै सुरुआत भएको देखिन्छ ।


त्यति बेलादेखि नै काठमाडौँका केही ठाउँमा मोन्टेस्वरी (पूर्व-प्राथामिक) विद्यालयहरू क्रमशः स्थापना हुदै आएको पाइन्छ । यस क्रममा पछि गएर ई.सं. १९५६ मा लेबोरेटोरी स्कूलले यसलाई निरन्तरता दियो । प्रख्यात बाल शिक्षाविद् डा. मरिया मोन्टेसरीले अघि सारेको पूर्व बाल्यावस्था शिक्षाले विश्वका विभिन्न सहरहरूमा बालगृह (Children House) का रूपमा स्थापित भई प्रसिद्धि पायो भने प्रोबेलको नामबाट किन्डर गार्डेन क्रमशः विस्तारित हुँदै गयो ।

ई.सं. १९९१ मा पाठ्यक्रम विकास केन्द्र, शिक्षा मन्त्रालयले शिशुकक्षा व्यवस्थित गरी सञ्चालन गर्न आधारभूत प्राथामिक शिक्षा परियोजना (Basic and Primary Education Project- BPEP) तयार पारी लागू गरेको थियो । यसै सिलसिलामा शिक्षा विभागले सन् २०१५ सम्ममा देशका विभिन्न जिल्लाहरूमा गुणस्तरीय तथा प्रभावकारी २००० वटा प्रारम्भिक बाल विकास/शिशु विकास केन्द्रहरू खोल्ने लक्ष्य र उद्देश्य राखी कार्य गर्दै आइरहेको छ। सरकारी प्रयासका साथसाथै गैर सरकारी राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घ संस्थाहरूले समेत शिशुकक्षाहरू सञ्चालन गर्दै आएको तथ्य (सेरिड) को रिसर्च रिपोर्ट-२००० बाट देखिन आएको छ। विगत दुई दशक यता देशका विभिन्न सहरी क्षेत्रमा गृह आधारित (House Based), समुदाय आधारित (Community Based) तथा विद्यालय आधारित (School Based) लगायत शिशु स्याहार केन्द्रहरू स्थापनामा निजी क्षेत्रको रुचि बढ्दै गएको पाइन्छ । यो निश्चय पनि बाल विकासका लागि उचित कार्य हो । शिक्षा विभागले यसको नियमित अनुगमन र मार्ग निर्देशन गर्नु नितान्त आवश्यक छ ।

### व्यवस्थापनको आवश्यकता

शिशुको बौद्धिक, शारीरिक तथा मानसिक विकासको पहिलो पाठशाला भनेको शिशु केन्द्र वा विद्यालय नै हो । यस कारण शिशुलाई उसको समानुपातिक विकासका लागि दूरगामी प्रभाव पार्ने खालको पठन पाठन लगायतका क्रियाकलापहरू शिशु शिक्षणमा सरिक गर्नु अनिवार्य देखिन्छ भने

तिनीहरूको प्रतिभा प्रष्फुटन अनिवार्य देखिन्छ । तिनीहरूको प्रतिभा प्रस्फुटन गर्ने गराउने कार्यमा शिक्षक शिक्षिकाहरूले सहयोगी कार्यकर्ताको भूमिका निर्वाह गर्न पनि उत्तिकै आवश्यक छ । पठन पाठन, कक्षा कोठाको वातावरण व्यवस्थित हुन नसकेको अवस्थामा बाल शिक्षाको उद्देश्य पुरा हुन सक्दैन । पूर्व बाल्यवस्थाको कक्षाकोठा लक्ष्य र आवश्यकताअनुसार व्यवस्थित हुनुपर्छ । शिशुकक्षा व्यवस्थापनका लागि भौतिक सुविधा तथा वातावरणले निकै गहिरो असर पार्ने हुनाले व्यवस्थापन पक्षले यसमा आफ्नो ध्यान विशेषरूपले केन्द्रित गर्नुपर्दछ । भौतिक सुविधाअन्तर्गत विद्यालय भवन, कक्षाकोठा, पुस्तकालय, खेल मैदान, शैक्षिक सामाग्रीहरू, चमेना गृह, शौचालय आदि पर्दछन् । यसबाहेक शिक्षक, विद्यार्थी, प्रशासनिक कर्मचारी आदि यसमा लगानी हुन् भने उद्देश्यअनुसार उत्पादन भएका बाल बालिका यसको प्रतिफल हुन् । उनीहरूले ले प्राप्त गरेका ज्ञान, सिप र अनुशासनले उसलाई पछि गएर समाजमा समायोजन हुन र कर्मठ नागरिक बन्न सहयोग पुऱ्याउँछ । शिशुहरूलाई सामाजिक समायोजन योग्य बनाउनु बाल शिक्षाको एक प्रमुख उद्देश्य हो । शिशु शिक्षाबाट प्राप्त हुने उपलब्धिलाई तलको चक्र तालिकाबाट बुझ्न वा प्रस्ट पार्न सकिन्छ :




बाल शिक्षाको मूलभूत उद्देश्य भनेको उनीहरूलाई सामाजिक समायोजनका लागि प्रशिक्षित गर्नु हो । ब्रेअली (Brealy) ले सन् १९७२ मा प्रकाशित आफ्नो कार्यपत्रमा पनि भनेका छन् "एउटा कुशल शिक्षकले बाल बालिकाको रचनात्मक सोचाइको विकास तथा सिकाइमा आत्म विश्वास जागृत गराउन तथा स्वतन्त्रतापूर्वक सिक्नका लागि कक्षाकोठाको वातावरण रमाइलो तरिकाले सिर्जना गर्नुपर्दछ ।" परिवार, समाज, र राष्ट्रमा पछि गएर ऐक्यवद्ध भई स्वतन्त्रतापूर्वक भावी जीवन सञ्चालन र निर्वाह गर्न सक्ने अनुकूल अवसर र शिक्षा प्रदान गर्नु एवम् बाल बालिका/शिशुलाई सहज समायोजन योग्य बनाउनु नै शिशुका एक उद्देश्य एवम् दायित्व हो । यस क्रममा कक्षाकोठाको व्यवस्थापनका लागि शिक्षाविद् (Taylor) ले निम्नानुसारका कुराहरूमा विशेष जोड दिएका छन् :

(क) आवश्यक स्रोत र साधनको राम्रोसँग सङ्गठन गर्ने
(ख) बाल बालिकालाई उचित तरिकाबाट क्रियाकलाप गर्ने
(ग) वास्तविकतासँग परिचित गराउने खालका विधिपूर्वक क्रियाकलापहरू गराउने
(घ) निर्धारित समयमा उद्देश्यअनुरूप कार्य सम्पन्न गर्ने
(ङ) बाल बालिकाको सिकाइ क्षमता र प्रतिभा पत्ता लगाई पृष्ठपोषण प्रदान गर्ने ।

Harold Kuontz का अनुसार कक्षाकोठाको वातावरण व्यवस्थापन गर्नु एक कला हो जसमा बाल बालिकाहरू स्वेच्छाअनुसार अलग अलग रूपमा आआफ्नो रुचिका कार्यहरू गर्न सक्छन् । यसो भए वा गरे तापनि समूहको लक्ष्य प्राप्त गर्नका लागि सहयोगी बन्न सक्छन् । कक्षाकोठाको वातावरण व्यवस्थापन साधारण देखिए तापनि यसको प्रभाव दूरगामी हुने हुँदा तपसिलका कुराहरूमा विशेष ध्यान पुऱ्याउनु पर्दछ :

१. नियमित सरसफाइ तथा शुद्ध हावाको आवतजावत ।
२. ठिक ठाउँमा सबैले सहज हेर्न गरी कालोपाटीको रखाइ ।
३. कक्षाकोठाको भित्तामा शैक्षिक सामाग्रीहरू उपयुक्त किसिमले रखाइ ।
४. बालकहरूको बसाइको व्यवस्था उपयुक्त किसिमले मिलान ।
५. कक्षाकोठाभित्र बाल बालिकाहरूको क्रियाकलाप गर्ने ठाउँको समुचित व्यवस्थापन ।
६. बालकको प्रतिभा प्रदर्शन गर्ने ठाउँको यथेष्ट व्यवस्थापन ।
७. बालकहरूको सरसामान, ठाउँको राम्रो व्यवस्थापन ।
८. कक्षाकोठाभित्र उमेर सुहाउँदो रङ्गिन फर्निचर तथा कार्पेटको व्यवस्थापन ।
९. आवश्यक पर्ने भौतिक तथा खेल सामाग्रीहरूको समुचित व्यवस्थापन ।
१०. कक्षाकोठा भित्रबाट खतरा वा जोखिमपूर्ण सरसामग्रीहरू हटाई सुरक्षित स्थानमा व्यवस्थापन ।

**मोन्टेसरी पूर्ण प्राथमिक विधालयको वातावरण व्यवस्थापनका खास पाँच ओटा क्षेत्रहरू**

विश्व विख्यात बाल शिक्षाविद् डा. मारिया मोन्टेसरीले एक शिशुलाई वालगृह (children house) मा राखी सेवा तालिमको प्रक्रिया (A process of severe training) तयार पारी अध्ययन, उपचार र प्रशिक्षण दिए जसबाट उनलाई पूर्ण सफलता प्राप्त भयो । अहिले त्यो नै मोन्टेसरी शिक्षा विधिको मूल आधार स्तम्भ हो र यो शिक्षा शिक्षण यसैमा मूल रूपले आधारित रहेको छ । यी प्रक्रियाहरू निम्न लिखित रहेका छन् :

१. **व्यावहारिक जीवन (Practical Life)** : बाल व्यावहारिक जीवनको अति नै महत्वपूर्ण पक्ष भनेको शारीरिक विकास हो । शारीरिक विकासले गाउने, चिप्लिने, दगुर्ने, उफ्रने, चढ्ने, हुच्चिने, थिच्ने, बस्ने, फाल्ने, समात्ने, सन्तुलित हुने, घुमाउने, लत्याउने, आफैँले लुगा जुत्ता लगाउने, फुकाल्ने, दाँत माझ्ने, बगैँचामा ससानो काम गर्ने, शारीरिक व्यायाम अभ्यास गर्ने सिप र क्षमतालाई जनाउँदछ । यी सिप ज्ञान र क्षमताको विकासबाट आत्म विश्वास बढ्छ र आत्म निर्भर भई स्वतन्त्र रूपले आफ्नो कार्य आफैँ गर्न सक्छ । बिनाज् केटाकेटी बारी (Bina's ketaketi bari) का प्रिन्सिपल बीना गुरुङले एक ठाउँमा आफ्नो अनुभव व्यक्त गर्दै भनेकी छिन् "बाल बालिकालाई व्यावहारमा आउने व्यवहारिक ज्ञान सानो उमेरदेखि नै विद्यालयमा दिनु पर्दछ । यसबाट उनीहरूमा सही अथवा गलत कुराको अर्थ बुझ्न वा जान्न मद्दत मिल्दछ । चामल कसरी तयार भयो भन्ने जानकारी दिँदा- धान रोप्नेदेखिका कुराहरू बुझाइयो भने त्यो बढी ज्ञानदायक हुन सक्छ ।
२. **इन्द्रियसम्बन्धी (The Senso rial) :** देखेर तथा छोएर प्राप्त हुने ज्ञानलाई Sensorial भनिन्छ । इन्द्रिय सम्बन्धी शिक्षा दिनका लागि उपयुक्त कोठाको व्यवस्था हुन मोन्टेसरीले जोड दिएका छन् । यस सम्बन्धी शिक्षाबाट बाल बालिकाहरूले कुनै पनि वस्तु वा चीजका आकार, स्वरूप, तौल आदिका अनुभूति गरी बुझ्न र जान्न सक्दछन् । आकारका अनुभवका लागि चौकोण, आयताकार, त्रिकोण प्रकारका वस्तु देखाई सिकाउन सकिन्छ भने रङको ज्ञान दिन विभिन्न रङका आकार र प्रकार अनुसार तयार परिएका वस्तुबाट ज्ञान दिन सकिन्छ । तौलका लागि हलुका, गह्रौं, उचाइको ज्ञान दिन सानो ठुलो सामानको फरक देखाउन सकिन्छ ।
३. **गणितसम्बन्धी (Mathematic):** गणितसम्बन्धी **ज्ञा**न सिकाउनका लागि कक्षाकोठाका शैक्षिक सामग्रीहरूको प्रयोग गरिनुपर्ने उहाँको धारणा छ । कक्षा कोठा गणितमय हुनुपर्छ, जस्तै : पेन्सिलहरू गन्तीको व्यवस्था, तस्बिर एकपछि अर्को गरी सजाएर राख्ने व्यवस्था, चित्रहरूमा

जनावर वा चराहरू रहेका आदि ।

गणित वा अङ्क सिकाउँदा भऱ्याङ जस्तो आकारको बजारमा भिन्न पाउने सामग्रीको प्रयोगमा ल्याउन सकिन्छ । अङ्क सिकाउन सहायक हुने सरसामग्री बजारमा विभिन्न प्रकारका उपलब्ध छन् । ती सबै राखेर क्रमिक रूपमा आउने अङ्कका विषयमा टाँस्न वा राख्न लगाउने गरी ज्ञान दिनुपर्छ ।

बालकहरूलाई ठुल्ठुलो स्वरमा सामूहिक उच्चारण गरी घोकाएर पठन पाठन गर्ने पक्षमा मोन्टेसरी छैनन् । उनको सिकाइमा बाल बालिकाले वस्तुको नाम भन्न लगाउन सक्नुपर्दछ । आवाज आउने गरी गन्न लगाउनुपर्दछ र नियमित अभ्यासबाट शुद्ध उच्चारण गर्ने योग्य बनाउनुपर्दछ ।

४. **भाषा र कला (Language and Art):** कक्षाकोठाको वातावरणको व्यवस्थापन गर्दा भाषा तथा कला क्षेत्रका बारेमा पनि विशेष जोड दिनुपर्दछ । भाषा सम्बन्धी सिप विकासका लागि निम्नानुसारका गतिविधि तथा क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्नु अति जरुरी देखिन्छ : (१) शब्दहरू सुन्ने खेल (Listening Vocabulary Games), (२) गीत सङ्गीत तथा लोककथाहरू सुन्ने सुनाउने (Rhyme and Riddles), (३) कथा सुनाउने (Story Telling), (४) कथा बनाउने (Story Making) (५) अभिनय गर्न लगाउने (Dramatization), (६) भूमिका खेल्न लगाउने (Role Playing), (७) फरक छुट्याउन लगाउने (Discrimination Activities), (८) स्वतन्त्र रूपले चित्र कोर्न लगाउने (Free Drawing) (९) थोप्ला जोडेर मिलाएर चित्र तयार गर्न लगाउने (Joining Dots), (१०) नमुना तयार पार्न लगाउने (Pattern Making), (११) प्रशिक्षण दिने (Training), (१२) पढ्न लगाउने (Reading), (१३) लेख्न लगाउने (Writing) आदि । यी क्रियाकलापहरू गराउनका लागि आवश्यक सरसामग्रीहरू उपलब्ध गराउनका साथै रमाइलो वातावरण सिर्जना गरिदिए पाठ्यक्रमको लक्ष्य र उद्देश्य प्राप्त गर्न सहज र सजिलो हुन जान्छ ।

सुप्रिम एकेडेमी उच्च माध्यमिक विद्यालयका शिक्षका सुमनका अनुसार यी क्रियाकलापहरू कक्षा कोठामा गराउँदा बाल बालिकाहरूको रुचिका रङ्गीन चित्रहरू देखाएर पहिले उत्पेरणा जगाउने कार्य गर्नुपर्दछ । त्यसपछि कालो सेतो चित्रमा रङ भर्ने तथा स्वतन्त्र रूपले चित्र कोर्न लगाउने गर्नुपर्छ ।

भक्तपुरमा स्थापित सुप्रिम एकेडेमी पूर्व प्राथमिकमा (ECD) तह निरीक्षण गर्दा त्यहाँको कक्षाको वातावरण निकै सन्तोषजनक पाइयो । मोन्टेसरीले उल्लेख गरेका पाँच ओटै क्षेत्रहरूलाई व्यवहारमा उतारेको पाइयो । कक्षा कोठाको व्यवस्थापन प्रभावकारी थियो, वातावरणलाई रमाइलो बनाइएको पाइयो । बाल बालिकाहरूले तयार पारेका अनेकन् थरीका सरसामान र चित्रहरू पर्खालमा मिलाएर राखिएकाले कक्षा कोठा उद्देश्यमूलक रूपले सजिएको देखियो । यी सबै हेर्दा बाल बालिकाहरूमा बुझ्ने, व्यक्त गर्ने र कोर्ने ज्ञान क्रमशः भइरहेको थाहा पाइयो ।

५. **सांस्कृतिक पक्ष (Cultural Aspect):** बाल बालिकाको कक्षा कोठाको व्यवस्थापन गर्दा देशका सांस्कृतिक झलक देखिने तस्बिर तथा अन्य वस्तुहरू सजाएर राख्नुपर्दछ । सांस्कृतिक पक्षका क्रियाकलापहरू गराउँदा चाडपर्वका साथै राष्ट्रिय पर्व तथा बिदाहरूका विषयमा समेत सजिलैसँग बुझ्ने गरी जानकारी दिनुपर्दछ । यी कार्यहरू गर्दा गराउँदा समूहगत रूपमा नृत्य, सङ्गीतका कार्यक्रमहरू आयोजना गरेर अध्ययनको वातावरणलाई बढी रोचक र मनोरम बनाउन पनि उत्तिकै आवश्यक छ । काठमाडौँको महाराजगञ्जस्थित बिनाज केटाकेटी बारी (Bina's ketaketi bari) मा केही वर्ष मैले यस विषयमा अध्ययन गर्दा म साह्रै प्रभावित भएको थिए । कक्षा कोठाको वातावरण बाल मनोविज्ञानलाई प्रभावित पार्ने गरी सजाइएको तथा व्यावहारिक जीवनलाई प्रत्यक्षतः प्रभाव पर्ने गरी मारिया मोन्टेसरीद्वारा प्रतिपादित आदर्श र सिद्धान्तलाई आत्मसात् गरेको मैले पाएँ । यसै क्रममा भक्तपुरमा अवस्थित सुप्रिम एकेडेमीको कक्षाकोठाको अध्ययन अनुगमन गर्दा त्यहाँका कक्षाकोठाको वातावरण मोन्टेसरी पद्धतिअनुसार रहेको पाएँ । कक्षाकोठामा समूहगत क्रियाकलापका विशेष जोड दिएको


तथा सांस्कृतिक तथा परम्परागत पहिरन तथा वेषभूषामा बाल बालिकाहरूलाई श्रृङ्गार गरेर सांस्कृतिक कार्यक्रमहरूको समेत आयोजना गरेको देखियो । यसरी शिशु कक्षाको सम्पूर्ण वातावरण ज्यादै प्रभावकारी रहेको मेरो अध्ययनबाट प्रस्ट भयो ।

## फ्रोबेलको कक्षाकोठा व्यवस्थापन

फ्रोबेल प्रकृति प्रेमी भएकाले उहाँले कक्षा कोठाको वातावरणलाई बगैँचाको रूपमा लिई सोहीअनुसार व्यवस्थापन गर्नुपर्ने भनेका छन् । उहाँले शिशुहरूलाई फुल तथा शिक्षक शिक्षिकाहरूलाई मालीका रूपमा प्रस्तुत गरेका छन् । उनका अनुसार कक्षा कोठा पूर्णरूपमा प्राकृतिक सौन्दर्यले श्रृङ्गार गरिएको हुनुपर्छ । उहाँको अनुसार बाल बालिकाहरूलाई जीवनका विविध पक्षहरूबारे बाल सुलभ ज्ञान प्रदान गर्नु तथा अभिप्रेरित एवम् उत्प्रेरित गर्न प्राकृतिक सौन्दर्यले युक्त वातावरण बनाउनु नितान्त आवश्यक पर्दछ ।

प्रकृति बाल बालिकाहरूको पहिलो गुरु हो । प्रकृतिबाट हामीले धेरै कुरा सिक्न सक्छौँ, अनि सिकाउन सक्छौँ । कलिला बाल बालिकाहरूलाई प्रकृतिको जति नजिक राखी सिकाउछौँ, उति नै उनीहरू आनन्दित भई सिक्न र जान्न उत्सुक एवम् जागरुक बन्दछन् । फ्रोबेलको किन्डर गार्डेन यसै कारणले गर्दा विश्वभरि चर्चित अनि लोकप्रिय रहेको  छ ।

**कोठाको व्यवस्थापनको एक नमूना**
**(भौतिक साधनहरूको व्यवस्थापन)**



कक्षाकोठाको वातावरणलाई व्यवस्थित, शिक्षामूलक तथा विषयगत रूपमा नियमित पार्न निम्नानुसारको दैनिक तालिका बनाउनु अति आवश्यक छ ।

**पूर्व बालयवस्था विद्यालयको दैनिक कार्य तालिका**

| क्र.सं. | समय | क्रियाकलापहरू |
|---|---|---|
| १. | १०:००-१०:१५ | बाल बालिकाहरूको सरसफाइ निरीक्षण, प्रसन्नता साथ स्वागत |
| २. | १०:१५-१०:४५ | प्रार्थना |
| ३. | १०:४५-११:०५ | ज्ञानात्मक तथा भाष सम्बन्धी क्रियाकलाप गराउने |
| ४. | ११:०५-११:३५ | बाहिर चउरमा खेलाउने |
| ५. | ११:३५-१२:१५ | शौचालय, हातखुट्टा सफा गर्ने, खाजा खुवाउने र विश्राम |
| ६. | १२:१५-१२:४५ | कक्षाकोठाभित्र स्वतन्त्र रूपमा सामूहिक खेल खेल्न लगाउने |
| ७. | १२:४५-१३:१५ | प्रोजेक्ट वर्क, कथा सुनाउने, कथा गीत खेल आदि गराउने |
| ८. | १३:१५-१३:४५ | सङ्गीत, नृत्य, नाटक गराउने, सिकाउने |
| ९. | १३:४५-१४:०० | हाजिरी, भोलिको कुनै विशेष कार्य छ भने जानकारी, बिदाइ । |

**स्रोत** : (**शिक्षा विभाग,** २०१०)

शिशु कक्षाकोठाको व्यवस्थापन गर्दा आन्तरिक तथा वातावरणतर्फ ध्यान दिन पनि उत्तिकै आवश्यक छ ।

**आन्तरिक वातावरणको व्यवस्थापन** : शिशु कक्षा कार्यक्रमको व्यवस्थापन गर्दा सामान्य क्रियाकलापहरू र त्यसका लागि आवश्यक पर्ने सामाग्रीहरू मिलाएर भित्री स्थानलाई नै शिक्षण केन्द्रका रूपमा व्यवस्थित गरिन्छ । केही कार्यक्रमहरूमा शिक्षण केन्द्रलाई अभिरुचि केन्द्र, क्रियाकलाप केन्द्र पनि भन्ने गरिन्छ । शिक्षण केन्द्रमा विभिन्न वस्तुहरूको व्यवस्थापन गरिएको हुन्छ, जस्तै : पत्र पत्रिकाहरू, कैंचीहरू, सिसाकलम, मैनरङ, टाँस्नका लागि गम आदि । यी सरसामाग्रीहरू सिर्जनानत्मक कला सिकाउनका लागि प्रयोगमा ल्याइन्छ । सङ्गीत सिकाउने कुना (Music Corner) मा आवश्यक पर्ने सङ्गीत सिकाउने उपकरणहरू, जस्तै : बाँसुरी, ड्रम, टिनको ट्वाक, सिसी र कप आदि राख्नुपर्दछ । सामाजिक तथा नाटक सिकाउने कुना (Socio-Dramatic Play Corner) मा पुतली, पुराना लुगाफाटाहरू तथा खेल्ने भाँडाकुटीहरू राख्नु पर्दछ । यस प्रकारले उत्प्रेरणा कुना (Manipulation Corner) मा सिर्जनात्मक गोटीहरू, पहेलीहरू (Riddles and Puzzles) विभिन्न किसिम तथा रङका चक्काहरूको व्यवस्थापन गर्नुपर्दछ । ब्लक्स कुना (Blocks Corner) मा विभिन्न नमुनाका काठका ससाना टुक्राहरू तथा बजारमा सजिलै उपलब्ध हुने Blocks Game राख्नु उचित हुन्छ । भाषा तथा कला कुना (Language and Art Corner) मा यस सिप विकासका लागि आवश्यक पर्ने सामग्रीहरू, जस्तै : सिसाकलम, पत्र पत्रिका, चित्र भएका कथाका पुस्तकहरू, रङ् बुरुसहरू राख्नुपर्दछ । यसै हिसाबले विज्ञान तथा प्रकृति कुना (Science and Nature Corner) मा माटो वा प्लास्टिकबाट बनेका जनावरहरू, फलफुल, तरकारी बोट बिरुवाहरू तथा बाल ज्ञानले बुझ्ने वा बुझाउन सकिने वस्तुहरू (प्लास्टिक बाट बनेका) रेल, मोटर, जहाज कम्प्युटर आदि मिलाएर राख्नुपर्दछ । गणित कुना (Math Corner) मा काटिएका गणितीय अंकहरू उल्लेख भएका प्लास्टिकका टुक्राहरू राखिनु पर्छ । कोठाको मध्य भागमा सामूहिक कार्यक्रम तयार पारी सञ्चालन गर्नुपर्छ, जस्तै : सङ्गीत, नृत्य, नाटक, नक्कल गर्ने, कथा सुन्ने सुनाउने, कठपुतली, खेल आदि । कक्षाकोठाको मध्यम भागमा यो कार्य गर्नुपर्छ । बाल बालिकाहरूको तुलनामा सो भाग सानो छ भने उनीहरूलाई छुट्टै भागमा विभाजित गरी कार्यक्रम सञ्चालन गर्नुपर्छ । एकै हुलमा सिकाउँदा कार्यक्रमले आफ्नो उद्देश्य प्राप्त गर्न सक्दैन ।

शिक्षक शिक्षिकाहरूले उपलब्ध वस्तुहरूलाई बृहत्तर प्रयोग गर्नुपर्छ र वस्तुहरूअनुरूप शिक्षण केन्द्रलाई सजाउनुपर्दछ । शिक्षक शिक्षिकाहरूले सिकाउनका लागि सहयोगीका रूपमा प्रस्तुत हुनु जरुरी छ ।

बाल बालिकाहरूलाई उद्देश्यमूलक ढङ्गले उल्लिखित क्रियाकलापहरू गर्न गराउन उपयुक्त र रमाइलो वातावरण निर्माण गर्न शिक्षक शिक्षिकाहरू सदैव सहयोगी र उत्प्रेरक हुन पनि उत्तिकै जरुरी छ।

**बाह्य वातावरणको व्यवस्थापन** : जतिको ध्यान कक्षाकोठा भित्रको वातावरण व्यवस्थापन दिइन्छ त्यतिकै वा त्योभन्दा पनि बढी ध्यान बाह्य वातावरण व्यवस्थापनमा दिन जरुरी छ। खेल मैदान बालमैत्री बनाउनु, सुन्दर चउर र बगैँचा तयार पार्नु, खेल सामग्रीहरू, जस्तै : चिप्लेटी, ढिकीच्याउँ, पिङ, मोटर टायरको सुरु, बालुवाको बाकस तथा पानी पोखरीको समुचित व्यवस्था गर्नुपर्दछ।

बाह्य वातावरणलाई बढी उपयोगी तथा प्रभावपूर्ण बनाउन उपलब्ध प्राकृतिक सम्पदाको बृहत्तर उपयोग गर्नुपर्दछ। प्राकृतिक बोट बिरुवा तथा फलफुलले चउरको भौतिक रूपरेखा तथा वातावरणलाई थप मनोरम तथा आकर्षक बनाउन यथेष्ट भूमिका निर्वाह गर्दछ। रुख बिरुवाहरूले छाँया प्रदान गर्दछ भने घाँस, चउर र झाडीहरूले वातावरणको रमणीयतामा अभिवृद्धि गर्दछ। यी प्राकृतिक सुविधा र सम्पदाले सौन्दर्यतामा वृद्धि गर्ने मात्र नभई बाल बालिकाहरूलाई रुख बिरुवा, फलफुल, तरकारी एवम् करेसाबारीको विषयमा प्रत्यक्ष ज्ञान दिन सहज हुन सघाउ पुऱ्याउँदछ। बाल बालिकाहरूलाई चउरमा रुखको शीतल छहारी मुनि ल्याएर कथा सुन्न वा भन्न लगाउनुपर्दछ। यसबाहेक विज्ञान सम्बन्धी विषयमा क्रियाकलाप गराउँदा बाहिर चउरमा ल्याउनुपर्दछ। कुन बोटमा के फल्छ ? कुन फुल केमा फुल्छ ? बिरुवाहरू कसरी उम्रिन्छ ? बोटहरूमा पानी र मल नराखेमा कसरी मर्छ ? यसका साथै यिनीहरूको स्याहार कसरी गर्नुपर्दछ ? भन्ने जस्ता प्रश्नहरू जवाफ प्रत्यक्ष रूपमा दिन सजिलो हुन जान्छ। सङ्क्षेपमा भन्नु पर्दा वरपरको वातावरणबाट पनि हामी बाल बालिकाहरूलाई धेरै कुराहरूको ज्ञान दिन सक्छौं।

### बाह्य वातावरण सुरक्षा व्यवस्था

१. क्रियाकलाप गराई सकेपछि उपकरण तथा प्रयोगमा ल्याइएका सवै सरसमान सुरक्षितसँग राख्नुपर्दछ।

२. उपकरण वा सामग्रीहरू धार नभएको बालमैत्री र टुट्फुट नभएको हुनुपर्दछ। प्रयोगमा ल्याइने सामग्रीहरूमा शिशुको टाउको, औँला, हात र खुट्टाहरू च्यापिने खुला भाग हुनु हुँदैन।

३. उपकरणहरू उपयुक्त आकारको हुनुपर्छ। कुनै खेल सामग्रीमाथि चढेर खेलाउनुपर्ने छ भने त्यस्तो सामग्रीको उचाइ शिशुको उचाइसँग मिल्ने खालको हुनु पर्छ।

४. खेल सामग्रीहरूभित्र माकुरा, किरा फट्याङ्ग्रा लुकेर बसेका हुन्छन् तसर्थ शिशुलाई प्रयोग गर्नुभन्दा अघि हेरेर तथा सरसफाइ गरेर दिनुपर्दछ।

### शिशु कक्षा कोठाको वातावरणको व्यवस्थापनबाट बाल बालिकाहरूमा पर्ने सकारात्मक प्रभावहरू

१. बाल बालिकाहरू रमाई रमाई शिक्षण सिकाइका क्रियाकलापहरूमा सरिक हुन्छन्।

२. उनीहरूको शारीरिक, मानसिक, सामाजिक तथा संवेगात्मक विकासमा पर्याप्त बल मिल्दछ।

३. बाल बालिकाहरू बढी जिज्ञासु बन्दै जान्छन्, यो नै सिकाइको पहिलो खुड्किलो हो।

४. बालशिक्षा नै बाल बालिकाको आधार स्तम्भ भएकाले यसतर्फ सबैको गम्भीर ध्यान केन्द्रित हुनुपर्दछ। बाल बालिकाहरूको सम्पूर्ण सिकाइ क्षमता इच्छा, आकाङ्क्षा, चाहना, रुचि आदि सबै कुराहरूलाई ध्यानमा राखी शिक्षक शिक्षिकाहरूले कक्षा कोठाको वातावरणलाई विशेष प्रबन्ध मिलाई विविध क्रियाकलापहरू गर्नु गराउनुपर्दछ।

### नेपालमा विद्यमान शिशुकक्षा वातावरण व्यवस्थापनमा देखिएका प्रमुख समस्याहरू तथा चुनौतीहरू

नेपालमा शिशु कक्षा कोठाको सञ्चालन सन् चालिसको दशकदेखि भएको देखिन्छ। हालका वर्षहरूमा आएर यसको विस्तार सहर तथा सहर नजिकका गाउँहरूमा समेत हुँदै आइरहेको पाइन्छ। नेपालमा बाल मन्दिर तथा सरकारी प्राथामिक विद्यालयहरूले सीमित सदरमुकामहरूमा कक्षाहरू सञ्चालन गर्दै आइरहेकोमा हालका दिनहरूमा यो क्रम निजी क्षेत्रले व्यापक रूपमा ओगटेको छ। राष्ट्रिय जीवनमा

दुरगामी प्रभाव पार्ने बाल शिक्षाको वातावरण तथा व्यवस्थापनलाई अध्ययन अवलोकन गर्दा तपसिलका कमी कमजोरी तथा समस्याहरू प्रस्ट रूपमा देखापरेका छन् :

१. अधिकांश शिशु कक्षाहरू भाडाका घरहरूमा सञ्चालित छन् । बाल बालिकाको सङ्ख्याको हिसाबले कक्षाकोठा सानो र अव्यवस्थित रहेको पाइन्छ । त्यसमा खुला चउरको अभाव धेरै विद्यालयहरूमा भएको देखिन्छ ।
२. तालिम प्राप्त व्यक्तिहरूको अभाव, विद्यालय तथा कक्षा कोठा सुपरिवेक्षणमा कमी भएको पाइन्छ ।
३. निजी शिशु कक्षाको तुलनामा सरकारी शिशुकक्षा आर्थिक स्रोतको अभावले गर्दा शिक्षा व्यवस्थापनतर्फ केन्द्रित हुन नसकेको, यस कारणले गरिब तथा अर्थिक रूपले कमजोर परिवारले आफ्ना शिशुहरू सरकारी विद्यालयमा तथा हुने खानेले निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा राख्ने प्रचलन बढ्दै गएको देखिन्छ ।
४. वि.सं. २०६८ सालमा दाङ जिल्लामा गरिएको एक सर्वेक्षणअनुसार विभिन्न गैर सरकारी संस्थाहरूको सहयोगमा सरकारी विद्यालयमा चलाइएका प्रारम्भिक बाल विकास (ECD) केन्द्रहरू केही वर्षपश्चात बन्द भए । आर्थिक अभाव, न्यूनतम (वेतन) तलब तथा व्यवस्थापन र अनुगमनमा लापरवाही भएको यसको मूल कारण थियो ।
५. कमजोर तथा अपर्याप्त पूर्वाधार तथा शिक्षक शिक्षिकामा समर्पित भावनाको कमी, शिशु कक्षामा काम गर्नु भनेको काम मात्र होइन यो एक बाल सेवा पनि हो भन्ने सोच नहुनु ।
६. अभिभावकहरूको आर्थिक स्थिति तथा दयनीय बाल शिक्षाको कारणले गर्दा सरकारी बालशिक्षामा बिचैमा विद्यालय छोड्नेको सङ्ख्यामा वृद्धि भएको पाइन्छ ।
७. निजी क्षेत्र साह्रै व्यावसायिक हुनु र सरकारी क्षेत्र बाल विकासका लागि बढी उत्प्रेरित र समर्पित बन्न नसकेको अवस्था छ ।
८. विशेषतः तराईका जिल्लाहरूमा शिशुहरूलाई घरबाट ल्याउने र घर फर्काउने कार्यका लागि रिक्साको प्रयोग गरेको बढी पाइन्छ । एउटै रिक्सामा २० जना केटाकेटीहरू कोच्नु कतिको बालहितकारी होला ? यसले परिस्थितिलाई सजिलै बुझ्न सकिन्छ ।

यी कमी कमजोरीहरू हुँदाहुदै पनि शिशु शिक्षाको क्षेत्रले क्रमशः विकास गर्दै आएको छ । यस दिशामा आशावादी हुने धेरै ठाउँहरू छन् । विकासको क्रमले नै भन्छ- पहिले सङ्ख्या वृद्धि गरेपछि क्रमशः गुणात्मक वृद्धि ल्याउन सकिन्छ । सङ्ख्यात्मक हिसाबले प्रशस्त वृद्धि भएको छ– अब समय छ यसमा सुधार ल्याई गुणात्मक वृद्धि गर्नु । गुणात्मक वृद्धिका लागि कक्षाकोठा व्यवस्थापन पहिलो खुड्किलो हो । यसलाई प्रभावकारी बनाउन चार कुराहरू क्रमशः एक आपसमा जोडिएको हुनु पर्छ । ती हुन् :




बाल शिक्षाको विकास क्रमले समय सापेक्ष गति र दिशा दिन सर्व प्रथम अनुकूल वातावरणको आवश्यकता पर्छ । त्यो किनेर पाइँदैन स्वयम् सदैव र नियमित रूपमा तयार गर्नुपर्दछ । वातावरण भनेको बृहद् क्षेत्र हो । यसमा भौतिक सरसुविधाका कुराहरूदेखि लिएर भावना, विचार, चाहना र अनुशासन समेतका क्षेत्रहरू पर्न आउँछन् । यी सबैको मन्थन तथा एकीकृत उपायले उद्देश्य प्राप्तिका लागि समर्पित हुनुपर्दछ । असल कार्यलाई सम्मान गर्ने र कमीलाई सुल्झाउँदै लैजानुपर्छ । व्यवस्थापनले असल कार्य गर्नेलाई हौसला र प्रेरित गर्नुपर्दछ । परिणाम र प्रत्युत्तरको प्रतिक्षा गर्नुपर्छ । यो एक नियमित प्रक्रिया हो । यसको मध्यमद्वारा वातावरण व्यवस्थापनमा हामी क्रमिक सुधार ल्याउन सक्छौं ।

## पूर्व बालयावस्था कक्षाकोठाको वातावरण व्यवस्थापनको महत्त्व र आवश्यकता

१. कक्षाकोठाको वातावरण जतिको रमाइलो पार्न सक्यो उति नै शिशुमा जान्ने, बुझ्ने धैर्यता पनि बढ्दै जान्छ ।
२. पठन पाठन, सिक्ने सिकाउने क्रियाकलापहरू लक्ष्यनुरूप उपलब्धिपूर्ण बन्दै जान्छ ।
३. सहयोगी शिक्षक शिक्षिका तथा कार्यकर्ता र बाल बालिका बिचको सम्बन्ध मधुर र आत्मिक बनाउन सघाउ पुऱ्याउँछ ।
४. बाल बालिकाहरू जान्न र बुझ्न उत्सुक र सचेत बन्दछन् । बाल जिज्ञासा प्रकट गर्न हौसला प्रदान गर्दछ ।
५. वातावरण व्यवस्थित भयो भने शिक्षक शिक्षिका तथा सहयोगी कार्यकर्ताहरूलाई शिक्षण कठिनाइ हुँदैन ।
६. पाठ्यक्रमका निर्धारित लक्ष्य पुरा गर्न वातावरण व्यवस्थापनले सहजता प्रदान गर्दछ ।
७. बाल बालिकाहरूको सामाजिक, मानसिक, संवेगात्मक, रचनात्मक तथा शारीरिक विकासको यथोचित सहयोग पुऱ्याउँछ ।
८. वातावरण सबल पारियो भने शिक्षक शिक्षिका तथा कार्यकर्ताहरू आफ्नो मूल्याङ्कन आफैँ गर्न सक्दछन् ।
९. कुनै पनि कुराहरूबारेमा जान्ने, बुझ्ने जिज्ञासालाई वातावरणले हौसला प्रदान गर्दछ ।
१०. वातावरण बाल हितोचित बनाइयो भने शिशु भर्नामा वृद्धि तथा बिचैमा छाड्ने (Drop Out) कार्यमा कमी ल्याउदछ ।
११. राष्ट्रिय शिक्षा नीतिमा उल्लिखित बालशिक्षाका उद्देश्यहरू प्राप्त गर्न मद्दत पुऱ्याउँदछ ।

## निष्कर्ष

बाल शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक तथा व्यवस्थित पार्दै लान बालशिक्षा शिक्षण वातावरण व्यवस्थापनको महत्त्व कत्तिको छ र यो किन आवश्यक भन्ने विषयमा हामीले यस अघि नै धेरै कुरा बुझी सक्यौं । यसका अतिरिक्त हामीले शिशुका बारेमा बुझ्न जरुरी छ । एक जना शिशुविद्‌ले भनेका छन् 'Child is the most important human resource' शिशु एक महत्त्वपूर्ण मानव स्रोत हो । यसको आमूल विकासबाट कुनै पनि देशले विशिष्ट विकास र अपेक्षित प्रगति गर्न सफल बन्दछ । शिशुलाई अँध्यारोमा राख्नु वा अशिक्षित बनाउनु भनेको राष्ट्रलाई अन्धकारतर्फ धकेल्नु हो । यस अर्थमा पनि राष्ट्रको आधारभूत लक्ष्य भनेको नै शिशुको लागि यथेष्ट ध्यान दिनु हो । यसका लागि शिशुकक्षा वातावरण व्यवस्थापनलाई कडाइका अनुगमन गर्न, निरीक्षण गर्न एउटा निश्चित विधि नै तय गर्नुपर्दछ । शिक्षक शिक्षिकालाई मार्ग निर्देशनका लागि एक जना विद्वानले भनेका छन् 'A teacher must not enter into the kingdom of children without a smiling face' अर्थात् "केटाकेटीहरूको राज्यमा (कक्षाकोठामा) हँसिलो मुख लिएर मात्र प्रवेश गर्नुपर्दछ ।" कक्षाकोठाको वातावरण जत्तिकै व्यवस्थित तथा सुविधापूर्ण भए तापनि शिक्षक शिक्षिका रिसाउने स्वभावका छन् भने यसले बाल मनोविज्ञानमा प्रतिकूल असर गर्दछ, डराउने प्रवृत्तिको विकास हुन जान्छ र प्रश्न सोध्ने जिज्ञासा न्यून भएर जान्छ । तसर्थ बाल शिक्षा वातावरण व्यवस्थापनको अति उत्तम उपाय हो– कक्षाकोठामा शिक्षक/ शिक्षिकाको मधुर मुस्कानसहित प्रवेश ।

## सन्दर्भ सामाग्रीहरू

Afful, K. (2002). *'Effective management in the south*. Kathmandu : Ekta Books.
Dorothy, EI NON (1910). *'Learning early' marshall the orangery.* London, UK. : 161- New Bond Street.
शिक्षा विभाग, (२०१०). **प्राथमिक बाल विकास दिग्दर्शन**. भक्तपुर : लेखक ।

Koontz H. & Heinz, (1978). *Essential management.* New Delhi : Tata McGraw Hill. India.

Gurung, Bina. (1969). *Binas' ketaketi bari. A research report.* Kathmandu : Author.

Google, Internet. *A Philosophy foe a Bright Future*.

Shakya Bajra Raj, Thapa K. Bijaya, Shrestha Kishor, Joshi Radha Krishna, Chitrakar Roshan, (1997). *An approach to early childhood development.* T.U. Kathmandu : CERID. Nepal.

Shrestha, K and Bajracharya, U (1997). *'Learning approaches at ECD centers', current understanding of early childhood development and practhces in Nepal.* Kathmandu : CERID. Nepal.

Vigotsky, L. (1978). *Tools and symbols in child development, edited by A. J. Palmer (Ed) The social constructivism.* India : Chennai, Micro Print Pvt. Ltd.

Thapa, Nar Prasad (2012). *ILAM annual educational journal*. Bhaktapur :Sanothimi Campus.

I.P. Mallya (2002). *Child to child activity module focus on urban poor.* Nepal : UNICEF Publication.

**Note :**

**Photo source:** Badodara University, Balbari Angan Bari, India and Supreme Academy, Bhaktapur, Nepal.